**मिति २०८१ साल बैशाख २४ गते सोमबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक नं. ०२/१५/२०८०/०८१ मा भएका प्रस्ताव तथा निर्णयहरु:**

**१. ऐसेलुखर्क गाउँपालिका अध्यक्ष कप अन्तरपालिका स्तरीय महिला तथा पुरुष भलिवल प्रतियोगिता-२०८१ सम्बन्धमा ।**

प्रस्ताव नं.-१ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा ऐसेलुखर्क गाउँपालिकाको प्रायोजन तथा खेलकुद विकास समिति, ऐसेलुखर्कको आयोजनामा मिति २०८१/०१/२६ देखि २९ गतेसम्म सञ्चालन हुने "ऐसेलुखर्क गाउँपालिका प्रथम अध्यक्ष कप" अन्तरपालिका स्तरीय महिला तथा पुरुष भलिवल प्रतियोगिता-२०८१ को लागि खेलकुल विकास समितिले पेश गरेको रु. १६,२८,१००/- (अक्षरुपी सोह्र लाख अठ्ठाइस हजार एक सय रुपैयाँ मात्र) को प्रस्तावना मध्ये गाउँपालिकाबाट रु. १३,५०,०००/- (अक्षरुपी तेह्र लाख पचास हजार रुपैयाँ मात्र) गाउँपालिकाले बेहोर्ने र बाँकी रकम रु. २,७८,१००/- (अक्षरुपी दुई लाख अठहत्तर हजार एक सय रुपैयाँ मात्र) ऐसेलुखर्क खेलकुद विकास समितिले खेलाडी प्रवेश शुल्क तथा स्वेच्छिक आर्थिक सहायता संकलनबाट बेहोरिने गरी ऐसेलुखर्क खेलकुद विकास समितिसँग सम्झौता गर्ने साथै उक्त कार्यक्रमको लागि खेलकुद कार्यक्रम संचालन तथा खेलाडी यातायात खर्चबाट रु. ९,००,०००/- (अक्षरुपी नौ लाख रुपैयाँ मात्र) र आर्थिक सहायता कोषबाट खेलकुद कार्यक्रम संचालन तथा खेलाडी यातायात खर्च शीर्षकमा रु.४,५०,०००/- (अक्षरुपी चार लाख पचास हजार रुपैयाँ मात्र) रकामान्तर गरी खर्च लेख्ने गरी पुरस्कार राशी वापदको रकम पेश्की भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**२. बेरोजगार व्यक्ति सूचीकरण आवेदन स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दारोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावलीको नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ (तेस्रो संशोधन, २०७८) को दफा १८ बमोजिम आगामी आ.व. २०८१/०८२ मा न्यूनतम रोजगारीमा संलग्न हुन मिति २०८० साल माघ २९ गते सोमबार सार्वजनिक सूचना प्रकाशन गरी प्रत्येक वडा कार्यालयलाई पत्राचार गरिएकोमा फागुन महिनाभित्र प्रत्येक वडा कार्यालयमा संकलन भई वडा समितिबाट छानविन तथा छनौट गरी सिफारिसका साथ रोजगार सेवा केन्द्र, ऐसेलुखर्कमा प्राप्त १०३३ थान आवेदन स्थानीय निर्देशक समितिबाट छानविन गरी पूर्ण रहेका १०१३ जना बेरोजगार व्यक्तिको आवेदन तथा विवरण स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | वडा नं. | प्राप्त आवेदन संख्या | स्वीकृत | अस्वीकृत | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | १२७ | १२४ | ३ | नागिरकताको फोटोकपी सहित अपूर्ण विवरण भएका, दोहोरो फारम भरिएका, १८ वर्षभन्दा कम तथा ५९ वर्षभन्दा बढी उमेर भएका २० जनाको आवेदन फारम अस्वीकृत गरिएको । |
| २ | २ | २६६ | २६४ | २ | |
| ३ | ३ | १०७ | १०३ | ४ | |
| ४ | ४ | १०६ | १०४ | २ | |
| ५ | ५ | १८३ | १८१ | २ | |
| ६ | ६ | ११४ | ११४ | - | |
| ७ | ७ | १३० | १२३ | ७ | |
| | **जम्मा** | **१०३३** | **१०१३** | **२०** | |

**३. प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्क शौचालय मर्मत तथा सम्भार रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी, खोटाङको समुदायमा आधारित बृहत स्वास्थ्य कार्यक्रम (C.C.B.H.P.) अन्तर्गत गाउँपालिकासँगको लागत साझेदारीमा ऐसेलुखर्क गाउँपालिका वडा नं.-३, ऐसेलुखर्कस्थित प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्क शौचालय मर्मत तथा सम्भारको कुल लागत रकम रु.१,८४,१५७.९३ (अक्षरुपी एक लाख चौरासी हजार एक सय सन्ताउन्न रुपैयाँ पैसा त्रियानब्बे) मध्ये गाउँपालिकाले रु.८०,०००/- (अक्षरुपी असी हजार रुपैयाँ मात्र) कन्टेन्जेन्सी शीर्षकबाट विनियोजन गरी अमानत खर्च विधिबाट खर्च गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**४. करदाता शिक्षा कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आर्थिक सहयोग, ऐसेलुखर्क उद्योग वाणिज्य संघको आयोजना, घरेलु तथा साना उद्योग कार्यालय खोटाङ र करदाता सेवा कार्यालय, खोटाङको प्राविधिक सहयोगमा मिति २०८०/१२/३ र ४ गते ऐसेलुखर्क गाउँपालिकाको सभाहलमा सञ्चालित २ (दुई) दिने करदाता शिक्षा कार्यक्रममा भएको खर्च रकम रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) विविध खर्च शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**५. जगेडा शिक्षक कोष रकम थप सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको जगेडा शिक्षा कोषमा रकम अपूग भएकोले गाउँपालिकाको पारिश्रमिक कर्मचारी (स्थायी, अस्थायी र करार समेत) शीर्षकबाट रु.३,००,०००/- (अक्षरुपी तीन लाख रुपैयाँ मात्र) जगेडा शिक्षक कोषमा ट्रान्सफर गर्ने सर्वसम्मत निर्णय गरियो ।

**६. इको हिमालसँग लागत साझेदारी सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका र इको हिमालसँगको लागत साझेदारीमा संचालन हुने कृषि सम्बन्धी कार्यक्रमको लागि विभिन्न कार्यक्रम लागत साझेदारी शीर्षकबाट रु.४,००,०००/- (अक्षरुपी चार लाख रुपैयाँ मात्र) विनियोजन गरी लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. त्रिभुवन मा.वि. होस्टेलमा रकम थप सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) बाट श्री त्रिभुवन मा.वि. छात्रावास निर्माण (क्रमागत) शीर्षकको लागि विनियोजित बजेट अपूग हुन आएकोले उक्त शीर्षकमा गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा ई-हाजिरी मेसिन व्यवस्थापन-रु.१०,००,०००/- (अक्षरुपी दश लाख रुपैयाँ मात्र) शीर्षकबाट रकामान्तर गरी थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**८. विपद् खानेपानी पाईप वितरण सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाभित्रका विभिन्न वडाहरुमा डढेलो तथा आगलागीबाट खानेपानी पाईपमा क्षती भएकोले प्राविधिकले फिल्डमा गई सर्वेक्षण गरी लागत अनुमान प्रतिवेदनका आधारमा रु. ४,००,०००/- (अक्षरुपी चार लाख रुपैयाँ मात्र) नबढ्ने गरी विपद् व्यवस्थापन कोषबाट खरिद गरी खानेपानी पाईप व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**९. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ पुनर्गठन सम्बन्धमा ।**

प्रस्ताव नं ९ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा गठितविद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघहरुको हालसम्म म्याद सकिएका र २०८१ श्रावन मसान्तसम्म म्याद सकिने अवस्थामा रहेका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघहरुको मिति २०८१ साल श्रावन मसान्तसम्म पुनर्गठन गर्ने/गराउने निर्णय गरियो। साथै उक्त अवधिसम्म पुरानै विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई आधिकारिक मान्यता दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**१०. कक्षा थप संचालन अनुमती सम्बन्धमा।**

प्रस्ताव नं १० माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अन्तर्गत वडा नं.-३, ऐसेलुखर्क, भोक्टेनीमा रहेको श्री बाल चेतना प्राथमिक विद्यालयको विद्यार्थी संख्या तथा त्यहाँको भौगोलिक अवस्थालाई समेत मध्यनजर गर्दै शैक्षिक सत्र २०८१ देखि कक्षा-४ समेत सञ्चालन गर्नको लागि अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

**११. मोटर साइकल खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-१, राखा वाङ्देल वडा कार्यालयको लागि गाउँपालिकाको कन्टेन्जेन्सी शीर्षकबाट १ (एक) वटा मोटर साइकल खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१२. लिदिङ खोला ट्रस पुल (मोटर साइकल तार्ने फलामे पुल) मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ र वडा नं.-१ को सिमानामा पर्ने लिदिङ खोलामा निर्मित मोटर साइकल तार्ने फलामे पुल मर्मतको लागि मर्मत शीर्षकबाट **लिदिङ खोला फलामे पुल मर्मत रु.५०,०००/-** (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) विनियोजन गरी मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१३. तोषी/साकेला सिली कार्यक्रमको लागि बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा किरात राई साँस्कृतिक उत्थान समिति, ऐसेलुखर्क गाउँपालिका वडा नं.-५ महेश्वरीद्धारा आयोजना हुने तोषी/साकेला सिली प्रदर्शनी कार्यक्रमको लागि विविध खर्च शीर्षकबाट रु.६०,०००/- (अक्षरुपी साठी हजार रुपैयाँ मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१४. स्वास्थ्य चौकी ज्यामिरे व्यवस्थापन तथा शौचालय मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-६ स्थित स्वास्थ्य चौकी ज्यामिरेको शौचालय मर्मतको लागि प्राथमिक स्वास्थ्य सेवा बजेट उपशीर्षकको स्वास्थ्यकर्मीहरुको भ्रमण खर्च शीर्षकबाट **स्वास्थ्य चौकी ज्यामिरे व्यवस्थापन तथा शौचालय मर्मत रु.३,००,०००/-** (अक्षरुपी तीन लाख रुपैयाँ मात्र) रकामान्तर गरी खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१५. सडक निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा गाउँपालिकाको यान्त्रिक उपकरण संचालन कार्यविधि बमोजिम इन्धन खरिद गरी प्राविधिक लागत अनुमान प्रतिवेदन बमोजिम गाउँपालिकाको एस्काभेटर प्रयोगमार्फत निःशुल्क रुपमा तपसिल बमोजिमको प्राथमिकताक्रमको आधारमा सडक निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| प्राथमिकता क्रम | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १. | ओयाङ बेप्ला मट्यौली सडक निर्माण | ऐसेलुखर्क-३ र ७ |
| २. | बादेल विस्काम सडक स्तरोन्नती | ऐसेलुखर्क-२ |

**१६. लाखे पार्क निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-३ को लाखे चौक स्थापना पिङ डाँडा, ऐसेलुखर्क (क्रमागत) रु.११,००,०००/- (अक्षरुपी एघार लाख रुपैयाँ

मात्र) शीर्षकको योजना ऐसेलुखर्क नेवार सामाजिक गुठीसँग उपभोक्ता समितिको विधिबाट सम्झौता गरी कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**१७. बालुवा निकासी हेरालु सम्बन्धमा ।**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा गाउँ कार्यपालिका बैठक नं. ०२/१३/२०७९/०८० को प्रस्ताव तथा निर्णय नं. १५ बमोजिम निर्धारित नदीजन्य पदार्थको कर संकलन गर्न ऐसेलुखर्क गाउँपालिका वडा नं.-५, महेश्वरीस्थित दुधकोशी नदीको राखानीमा रहेको बालुवा निकासी रेखदेख गरी कर संकलन गर्ने हेरालुको लागि वडा कार्यालयको सिफारिस पत्र अनुसार ऐसेलुखर्क गाउँपालिका वडा नं. -५ निवासी मणि कुमार राईसँग गाउँपालिकाले नियमानुसार सम्झौता गरी हेरालु राख्ने, कर संकलनको लागि गाउँपालिकाले रसिद उपलब्ध गराउने र संकलन भएको रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा राजश्व आम्दानी बाँधी सो रकममध्ये ३० प्रतिशतले हुन आउने रकम निज हेरालुलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**१८. वित्तिय समानिकरण अनुदान रकम कटौती सम्बन्धमा ।**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा संघीय सरकारबार यस गाउँपालिकालाई आ.व. २०८०/०८१ को लागि वित्तिय समानिकरण अनुदानको रुपमा प्राप्त हुने रु.८,००,००,०००/- (अक्षरुपी आठ करोड रुपैयाँ मात्र) को बजेट सिलिङबाट गाउँसभाको निर्णयानुसार विभिन्न योजना तथा कार्यक्रमको लागि बजेट विनियोजना भई कार्यान्वयन भई रहेको अवस्थामा संघीय सरकारबाट लगभग रु.२,००,००,०००/- (अक्षरुपी दुई करोड रुपैयाँ मात्र ) कटौती हुने जानकारी प्राप्त हुन आएकोले योजना तथा कार्यक्रम सम्पन्न भई आएकामध्ये रकमले पुगेसम्म योजना तथा कार्यक्रमको भुक्तानी गर्ने र अपूग भएमा दायित्व सिर्जना गरी आगामी आ.व. मा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।